वर्ष २ अंक ६

# अर्थ बुलेटिन

## (आर्थिक वर्ष २०७८/७९ को अर्धवार्षिक तथ्याङ्कमा आधारित)

**प्रमुख झलकहरु**

- *कोभिड-१९ को संक्रमण जोखिम कायमै रहेको कारण आर्थिक वर्ष २०७८/७९ को पहिलो ६ महिनामा आर्थिक गतिविधिहरु सामान्य रहेका छन् । कोभिड-१९ को संक्रमण, रोकथाम, नियन्त्रण र उपचारको क्रममा अवलम्बन गरिएका क्रियाकलापहरुबाट संक्रमण क्रमशः घट्दै गएको छ । यद्यपी कोभिड-१९ को नयाँ भेरियन्ट ओमिक्रोनको संक्रमणको जोखिम भने यथावत नै छ ।*

- *चालु आर्थिक वर्षको पौषसम्म औसत उपभोक्ता मुद्रास्फीति ५.०३ प्रतिशत रही समग्रमा उपभोक्ता मुद्रास्फीति वाञ्छित सीमाभित्र रहेको छ । अन्तराष्ट्रियस्तरमा पेट्रोलियम पदार्थको मूल्य बढ्दै गएको र विकसित अर्थतन्त्रमा समेत मूल्यको दबाव रहेको कारण नेपालमा पनि सोको जोखिम रहेको छ ।*

- *वित्तीय हस्तान्तरण सहितको संघीय सरकारी खर्च २१.९ प्रतिशतले बढेको छ । प्रतिस्थापन विधेयक असोजमा मात्र पारित भई बजेट कार्यान्वयन अपेक्षाकृत ढिला सुरु भएकोले पूँजीगत खर्च उल्लेखनीय हुन सकेको छैन । राजस्व परिचालनमा २८.४ प्रतिशतको उल्लेख्य वृद्धि भएको छ । यस अवधिमा भन्सार बिन्दुमा संकलन भएको राजस्व आन्तरिकतर्फको राजस्व भन्दा उच्च छ । मुलतः वस्तु पैठारीमा भएको वृद्धिका कारण भन्सार महशुल लगायतका भन्सार बिन्दुमा संकलन हुने राजस्वको वृद्धिदर उच्च रहेको हो ।*

- *करको दायरा विस्तार हुँदै गएको छ। स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या करिव ४४ लाख ८८ हजार पुगेको छ।*

- *वैदेशिक सहायता प्रतिवद्धतामा अनुदानको अंश घट्दै गएको छ । यस अवधिमा रु. ५८ अर्ब ९० करोड बराबरको वैदेशिक सहायता प्राप्त भएको छ ।पछिल्ला वर्षहरुमा आन्तरिक र बाह्य ऋण बढ्दै गएको कारण सार्वजनिक ऋण दायित्व रु.१७ खर्ब २६ अर्ब पुगेको छ । यस अवधिमा रू. ६ अर्ब आन्तरिक ऋण परिचालन भएको छ।*

- *निकासीमा ९५.५ प्रतिशतको उल्लेखनीय वृद्धि भएको छ भने वस्तु पैंठारी ५१.१ प्रतिशतले बढेको छ । वस्तु पैंठारीमा भएको उच्च वृद्धि र विप्रेषण आय घटेको कारण चालु खाता घाटा उच्च रहेको छ ।फलस्वरुप, शोधनान्तर स्थिति रु.२ खर्ब ४१ अर्बले घाटामा रहेको छ ।*

- *वस्तु पैंठारीमा उच्च वृद्धि भएको कारण विदेशी सञ्चिति संकुचन भई रु.११ खर्ब ६६ अर्ब कायम भएको छ ।उक्त सञ्चितिले ६.६ महिनाको वस्तु तथा सेवाको आयात धान्न पुग्ने अनुमान छ ।*

- *कोरोना महामारीको संक्रमण जोखिम कम हुँदै गएसँगै जनजीवन सहज बन्दै गएको कारण वैदेशिक रोजगारीमा जान नयाँ तथा अन्तिम श्रम स्वीकृति र पुनःश्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्यामा उल्लेखनीय वृद्धि भएको छ । पछिल्लो समयमा पर्यटक आगमनमा समेत सुधार हुँदै गएको छ ।*

- *यस अवधिमा वित्तीय क्षेत्रका परिसूचकहरु सामान्य रहेका छन्। वित्तीय पहुँचमा वृद्धि भएको छ। ३ वटा स्थानीय तह बाहेक सबै तहमा वाणिज्य बैङ्कको शाखा पुगेको छ। कर्जा र निक्षेपको भारित औसत ब्याजदर गत वर्षको तुलनामा बढेको छ। बीमा प्रिमियम संकलन बढेको छ। बजार पुँजीकरण रू. ३० खर्ब ८० अर्ब पुगेको छ।*

## विश्व आर्थिक स्थिति

१. विश्वव्यापीरुपमा फैलिएको कोरोना भाईरसको नयाँ भेरिएण्ट-ओमिक्रोनको कारण सन् २०२२ को सुरुवात देखि नै विश्व अर्थतन्त्रमा पुनः आघात पुगेको छ। फलस्वरुप, विश्व आर्थिक वृद्धिदर प्रक्षेपण गरिए भन्दा न्यून र विश्व मूल्य वृद्धिदरमा थप दवाव सिर्जना हुनसक्ने जोखिम बढेको छ। कोभिड-१९ को नयाँ भेरिएण्टको रोकथाम र नियन्त्रणका लागि चालिएका कदमहरुका कारण प्रायः देशहरुको आर्थिक गतिविधिमा सुस्तता आएको छ। अन्तर्राष्ट्रिय बजारमा निरन्तर बढ्दै गएको पेट्रोलियम पदार्थको मूल्य, आपूर्ति श्रृङ्खलामा सिर्जित अवरोधहरू तथा ज्यालादरमा भएको वृद्धिको कारण समग्र मूल्यस्तरमा थप दवाव सिर्जना भएको छ। विकसित तथा उदीयमान राष्ट्रहरुमा समेत उपभोक्ता मुद्रास्फीति तुलनात्मकरुपमा उच्च रहेको छ।

२. सन् २०२१ मा विश्व आर्थिक वृद्धिदर ५.९ प्रतिशत भएको अनुमान रहेको छ। अन्तर्राष्ट्रिय मुद्रा कोषको अक्टोबर, २०२१ मा प्रकाशित विश्व आर्थिक परिदृष्यले सन् २०२२ मा विश्व आर्थिक वृद्धिदर ४.९ प्रतिशत रहने प्रक्षेपण गरेकोमा ओमिक्रोन भेरिएण्टको कारण यस्तो वृद्धिदर अक्टोबर, २०२१ मा गरिएको प्रक्षेपणको तुलनामा ०.५ प्रतिशत बिन्दुले न्यून भई ४.४ प्रतिशत रहने प्रक्षेपण रहेको छ। त्यसैगरी, सन् २०२३ मा विश्व आर्थिक वृद्धिदर ३.८ प्रतिशतमा सिमित हुने प्रक्षेपण गरिएको छ। यद्यपि यो अघिल्लो प्रक्षेपणको तुलनामा ०.२ प्रतिशत बिन्दुले बढी हो। सन् २०२२ को अन्त्यसम्मा विश्वव्यापीरुपमा कोरोना बिरुद्धको खोपको दरमा सुधार हुने र कोरोना भाइरसको उपचारहरु थप प्रभावकारी हुने पूर्वानुमानको आधारमा अन्तर्राष्ट्रिय मुद्रा कोषले विश्व अर्थतन्त्र सन् २०२२ मा ४.४ प्रतिशत रहने अनुमान गरेको हो।

### तालिका (१): विश्व आर्थिक वृद्धिदर (प्रतिशतमा)

| विवरण | अनुमान | | प्रक्षेपण | |
|---|---|---|---|---|
| | २०२० | २०२१ | २०२२ | २०२३ |
| विश्व | -३.१ | ५.९ | ४.४ | ३.८ |
| विकसित अर्थतन्त्र | -४.५ | ५.० | ३.९ | २.६ |
| उदीयमान तथा विकासशील अर्थतन्त्र | -२.० | ६.५ | ४.८ | ४.७ |
| उदीयमान तथा विकासशील एशिया | -०.९ | ७.२ | ५.९ | ५.८ |
| *चीन* | *२.३* | *८.१* | *४.८* | *५.२* |
| *भारत* | *-७.३* | *९.०* | *९.०* | *७.१* |
| उदीयमान तथा विकासशील यूरोप | -१.८ | ६.५ | ३.५ | २.९ |
| ल्याटिन अमेरिका तथा क्यारेबियन | -६.९ | ६.८ | २.४ | २.६ |
| मध्यपूर्व तथ मध्य एशिया | -२.८ | ४.२ | ४.३ | ३.६ |

स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, जनवरी २०२२

३. पछिल्लो दुई वर्ष देखि कोभिड-१९ महामारीको प्रभाव रहिरहेको सन्दर्भमा विश्वव्यापीरुपमा नै स्वास्थ्य रणनीतिलाई प्रभावकारी बनाउँदै लैजान जोड दिईएको छ। यस अवधिमा देखिएका र आगामी दिनमा देखिनसक्ने कोभिड-१९ का नयाँ नयाँ भेरियन्टहरूको कारण मानव स्वास्थ्य तथा आर्थिक गतिविधिहरुमा परेको जोखिमलाई सम्बोधन गर्न कोरोना बिरुद्धको खोप र उपचारमा विश्वव्यापी पहुँच आवश्यक छ। यसका लागि अन्तर्राष्ट्रियस्तरमा खोपको उत्पादनमा वृद्धि र वितरण प्रणालीमा सुधार गर्नुपर्ने आवश्यकता रहेको छ। अर्कोतर्फ देशभित्रको आपूर्ति प्रणालीलाई चुस्त राख्नुपर्ने चुनौती पनि त्यत्तिकै छ। हाल विश्वव्यापीरुपमा देखिएको मुद्रास्फीतिको दबाबलाई नियन्त्रण गर्न प्रायः देशहरुले सङ्कुचनकारी मौद्रिक नीति अवलम्बन गर्न थालेका छन्। त्यसैगरी, स्वास्थ्य र सामाजिक क्षेत्रमा सार्वजनिक खर्च अभिवृद्धि गर्ने वित्त नीति अवलम्बन गरिएको छ।

## संघीय सरकारी खर्च

४. आर्थिक वर्ष २०७८/७९ को पुषसम्म संघीय सरकारको कुल खर्च रू.५ खर्व ०६ अर्ब ७८ करोड पुगेको छ। यो रकम गत आर्थिक वर्षको सोही अवधिमा भएको खर्च रू. ४ खर्व १५ अर्ब ७५ करोडको तुलनामा २१.९ प्रतिशतले बढी हो। कुल खर्च मध्ये चालु खर्च (वित्तीय हस्तान्तरण सहित) रू. ४ खर्व ६ अर्ब ५० करोड, पुँजीगत खर्च रू. ५० अर्ब ८१ करोड र वित्तीय व्यवस्था तर्फ रू. ४९ अर्ब ४७ करोड रहेको छ। यस अवधिमा चालु खर्च र वित्तीय व्यवस्थातर्फको खर्च क्रमशः १८.७ प्रतिशत र ११९.२ प्रतिशतले बढेको छ भने पुँजीगत खर्च ०.०१ प्रतिशतले घटेको छ।

**तालिका (२): पछिल्लो ५ वर्षको पुष महिनासम्मको खर्चको स्थिति** (रू. करोडमा)

| खर्च शीर्षक | पुषसम्म | | | | | वृद्धिदर | |
|---|---|---|---|---|---|---|---|
| | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७७/७८ | २०७८/७९ |
| चालु खर्च | ३३१०४.३ | २९६५७.६ | ३०९६५.१ | ३४२३५.६ | ४०६४९.८ | १०.६ | १८.७ |
| पुँजीगत खर्च | ४८३९.२२ | ५५५२.०३ | ६३२०.४ | ५०८१.६९ | ५०८१.० | -१९.६ | -०.०१ |
| वित्तीय व्यवस्था | २०२१.९७ | २३७२.४७ | ३७६६.८ | २२५७.२२ | ४९४७.५ | -४०.१ | ११९.२ |
| **कुल संघीय खर्च** | **३९९६५.४** | **३७५८२.१** | **४१०५२.३** | **४१५७४.५** | **५०६७८.३** | **१.३** | **२१.९** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

५. चालु आर्थिक वर्षको पुष महिनासम्म कुल विनियोजित बजेटको ३१.०४ प्रतिशत खर्च भएको छ। यस अवधिमा असोज महिनामा सवैभन्दा बढी खर्चभार (०.०८९) रहेको छ भने साउन महिनामा सबैभन्दा कम खर्चभार (०.००६) रहेको छ। गत आर्थिक वर्षको पुषसम्म विनियोजित बजेटको २८.१९ प्रतिशत खर्च भएको थियो।

६. यस अवधिमा चालु खर्चतर्फ विनियोजित बजेटको ३८.१६ प्रतिशत, पुँजीगत खर्च १३.४४ प्रतिशत र वित्तीय व्यवस्था तर्फ २६.१२ प्रतिशत खर्च भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा चालु, पुँजीगत र वित्तीय व्यवस्थातर्फ क्रमशः ३६.०८ प्रतिशत, १४.४० प्रतिशत र १३.०६ प्रतिशत रकम खर्च भएको थियो।

७. चालु आर्थिक वर्षमा असोजमा मात्र बजेट पारित हुनु, आयोजना कार्यान्वयन प्रारम्भ ढिलो सुरु हुनु, कोभिड-१९ को प्रभाव घटेपनि सरकारी खर्च वृद्धि हुने गरी सामान्य अवस्था कायम हुन नसक्नु, स्वास्थ्य जोखिमका कारण आयोजनामा कार्यरत कामदारहरु समयमै काममा फर्कन नसक्नु जस्ता कारणले यस अवधिमा पूँजीगत खर्च अपेक्षाकृत हुन सकेको छैन। फलस्वरुप, कुल खर्चमा समेत सो को प्रभाव परेको छ।

**तालिका (३): चालु आर्थिक वर्षको पुषसम्मको मासिक खर्च स्थिति** (रू. करोडमा) **र खर्च भार**

| महिना | चालु खर्च | खर्चभार | पुँजीगत खर्च | खर्चभार | वित्तीय व्यवस्था | खर्चभार | कुल संघीय खर्च | खर्चभार |
|---|---|---|---|---|---|---|---|---|
| साउन | ९५५.८ | ०.००९ | ९३.५ | ०.००२ | ०.० | ०.००० | १०४९.३ | ०.००६ |
| भदौ | ४९०३.७ | ०.०४६ | १६७.४ | ०.००४ | २८७३.२ | ०.१५२ | ७९४४.३ | ०.०४९ |
| असोज | १२७९२.९ | ०.१२० | १२२८.१ | ०.०३२ | ४३७.९ | ०.०२३ | १४४५८.८ | ०.०८९ |
| कार्तिक | ४६९८.५ | ०.०४४ | ५९०.३ | ०.०१६ | १२.८ | ०.००१ | ५३०१.६ | ०.०३२ |
| मङ्सिर | ८३८२.१ | ०.०७९ | ७६१.१ | ०.०२० | ८०६.३ | ०.०४३ | ९९४९.५ | ०.०६१ |
| पुष | ८९१६.९ | ०.०८४ | २२४०.६ | ०.०५९ | ८१७.३ | ०.०४३ | ११९७४.९ | ०.०७३ |
| **जम्मा** | **४०६४९.८** | **०.३८२** | **५०८१.०** | **०.१३४** | **४९४७.५** | **०.२६१** | **५०६७८.३** | **०.३१०** |

स्रोतः महालेखा नियन्त्रक कार्यालय।

८. चालु आर्थिक वर्षको पुषसम्ममा सार्वजनिक शान्ति सुरक्षा शीर्षकमा सबैभन्दा बढी र आर्थिक मामिला शीर्षकमा सबैभन्दा कम खर्च भएको छ। परिमाणात्मकरुपमा हेर्दा सामान्य सार्वजनिक सेवामा सबैभन्दा बढी र मनोरञ्जन, संस्कृति तथा धर्म शीर्षकमा सबैभन्दा कम खर्च भएको छ। यस अवधिको खर्चको प्रवृत्ति हेर्दा वातावरण संरक्षण र आवास तथा सामुदायिक सुविधा शीर्षकमा भएको खर्च तुलनात्मकरुपमा न्यून रहेको छ भने रक्षा र शिक्षा शीर्षकमा भएको खर्च तुलनात्मकरुपमा उच्च रहेको छ।

**तालिका (४): चालु आर्थिक वर्षको पुषसम्मको कार्यगत खर्च स्थिति** (रू. करोडमा)


| कार्यगत शीर्षक | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| सामान्य सार्वजनिक सेवा | १२५१९.४ | ४७७.२ | ४१८५.४ | १७१८२.० | ३५.९३ |
| रक्षा | २२९५.४ | १०६.८ | ०.० | २४०२.१ | ४५.६६ |
| सार्वजनिक शान्ति सुरक्षा | २७२२.४ | ३४१.९ | ०.० | ३०६४.३ | ५३.६९ |
| आर्थिक मामिला | ३५६४.५ | ३०४१.५ | ५०२.१ | ७१०८.० | १६.४६ |
| वातावरण संरक्षण | ५७.५ | ९५.३ | ५९.६ | २१२.३ | १७.१३ |
| आवास तथा सामुदायिक सुविधा | ५४८.९ | ७७६.० | २००.४ | १५२५.३ | १९.०६ |
| स्वास्थ्य | ३८७७.५ | २३४.६ | ०.० | ४११२.१ | २८.०३ |
| मनोरञ्जन, संस्कृति तथा धर्म | २०१.८ | ३.९ | ०.० | २०५.६ | ३०.९८ |
| शिक्षा | ८१३१.७ | २.४ | ०.० | ८१३४.१ | ४५.६५ |
| सामाजिक सुरक्षा | ६७३१.० | १.५ | ०.० | ६७३२.५ | ३५.५९ |
| जम्मा | ४०६४९.९ | ५०८१.० | ४९४७.५ | ५०६७८.३ | ३१.०४ |

स्रोतः महालेखा नियन्त्रक कार्यालय।

## राजस्व परिचालन

९. आर्थिक वर्ष २०७८/७९ को पुषसम्म संघीय सरकारको कुल राजस्व रू.५ खर्ब ४२ अर्ब ५ करोड रहेको छ। यो राजस्व गत आर्थिक वर्षको सोही अवधिको राजस्वको तुलनामा २८.४ प्रतिशतले बढी हो। कुल राजस्वमा कर राजस्व रू. ४ खर्ब ९३ अर्ब ९९ करोड र गैरकर राजस्व रू. ४८ अर्ब ६ करोड रहेको छ। यस अवधिमा कुल राजस्व र अन्य प्राप्ति सहित कुल प्राप्ति रू. ५ खर्ब ७६ अर्ब २५ करोड रहेको छ।

**चार्ट (१) : पछिल्लो ५ वर्षको पुष महिनासम्मको राजस्व संकलनको प्रवृत्ति** (रू.करोडमा) **र वृद्धिदर** (प्रतिशतमा)




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

१०. चालु आर्थिक वर्षको ६ महिनामा संकलित कुल राजस्वमा सबैभन्दा बढी अंश मूल्य अभिवृद्धि करको २८.७ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिको तुलनामा भन्सार महशुल, अन्तःशुल्क र गैरकर राजस्वको अंश बढेको छ भने मूल्य अभिवृद्धि कर, आयकर र अन्य कर राजस्वको अंश घटेको छ। कुल राजस्वमा कर राजस्वको अंश ९१.१ प्रतिशत रहेको छ।


### तालिका (५) : पछिल्लो ५ वर्षको पुष महिनासम्मको राजस्व संरचनाको स्थिति (रू. करोडमा)

| आर्थिक वर्ष | भन्सार महशुल | मू.अ.कर | अन्तःशुल्क | आयकर | अन्य कर | कर राजस्व | गैरकर | कुल राजस्व |
|---|---|---|---|---|---|---|---|---|
| २०७४/७५ | ६,१९५.१ | ९,२४०.७ | ४,६९७.९ | ७,२००.१ | २,३६२.३ | २९,६९६.२ | ३,८१३.८ | ३३,५१०.० |
| राजस्वमा अंश | १८.५ | २७.६ | १४.० | २१.५ | ७.० | ८८.६ | ११.४ | १००.० |
| २०७५ / ७६ | ७,९६४.१ | ११,७१०.० | ६,१५०.६ | ८,६४२.८ | १,२८७.० | ३५,७५४.६ | ३,७०८.९ | ३९,४६३.५ |
| राजस्वमा अंश | २०.२ | २९.७ | १५.६ | २१.९ | ३.३ | ९०.६ | ९.४ | १००.० |
| २०७६ / ७७ | ७,७९२.५ | १२,६७५.४ | ६,३६४.५ | ११,२५९.८ | १,१०५.३ | ३९,१९७.५ | ४,१२६.८ | ४३,३२४.३ |
| राजस्वमा अंश | १८.० | २९.३ | १४.७ | २६.० | २.६ | ९०.५ | ९.५ | १००.० |
| २०७७ / ७८ | १०००५.९ | १२,५२३.६ | ६,१९२.८ | ९,९१४.८ | १६.४ # | ३८,६५३.४ | ३,५७०.२ | ४२,२२३.६ |
| राजस्वमा अंश | २३.७ | २९.७ | १४.७ | २३.५ | ०.०४ | ९१.५ | ८.५ | १००.० |
| २०७८ / ७९ | १३,०६५.० | १५,५५९.७ | ८,५२३.२ | १२,२२३.१ | २८.३ # | ४९,३९९.३ | ४,८०६.२ | ५४,२०५.४ |
| राजस्वमा अंश | २४.१ | २८.७ | १५.७ | २२.५ | ०.१ | ९१.१ | ८.९ | १००.० |

स्रोतः अर्थ मन्त्रालय। # आर्थिक वर्ष २०७७/७८ देखि अन्य कर शीर्षक अन्तर्गत शिक्षा सेवा शुल्क मात्र समावेश गरिएको छ।

११. चालु आर्थिक वर्षको पुषसम्म संकलित कुल राजस्व मध्ये कर राजस्व र गैरकर राजस्वको हिस्सा क्रमशः ९१.१ प्रतिशत र ८.९ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ९१.५ प्रतिशत र ८.५ प्रतिशत रहेको थियो। कुल राजस्वमा मूल्य अभिवृद्धि कर, आयकर, भन्सार महशुल र अन्तःशुल्कको हिस्सा क्रमशः २८.७ प्रतिशत, २२.५ प्रतिशत, २४.१ प्रतिशत र १५.७ प्रतिशत रहेको छ।

### चार्ट (२): चालु आर्थिक वर्षको ६ महिनाको राजस्व संरचना




स्रोतः अर्थ मन्त्रालय।

१२. चालु आर्थिक वर्षको पुषसम्ममा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा राजस्वका सवै शीर्षकहरुमा वृद्धि भएको छ। यद्यपि मूल्य अभिवृद्धि कर अन्तर्गतको उत्पादन, बिक्री र सेवा तथा आयकर अन्तर्गतको ब्याजकर उपशीर्षकहरुमा भने राजस्व घटेको छ। यस अवधिमा भन्सार महशुल ३०.६ प्रतिशत, मूल्य अभिवृद्धि कर २४.२ प्रतिशत, अन्तःशुल्क ३७.६ प्रतिशत र आयकर २३.३ प्रतिशतले वृद्धि भएको छ। गैरकर राजस्व ३४.६ प्रतिशतले बढेको छ भने कर राजस्व २७.८ प्रतिशतले बढेको छ। अन्य प्राप्तिमा पनि वृद्धि भएको छ।

१३. चालु आर्थिक वर्षको पुषसम्मको शीर्षकगत लक्ष्यमा मूल्य अभिवृद्धिकरमा राजस्व लक्ष्य भन्दा बढी संकलन भएको छ भने अन्य शीर्षकको राजस्व संकलन लक्ष्य भन्दा कमी भई समग्रमा राजस्व संकलन लक्ष्यको ९६.८ प्रतिशत संकलन भएको छ। यस अवधिमा मूल्य अभिवृद्धि करको पैठारी र अन्तःशुल्कको आन्तरिक उत्पादन उपशीर्षकहरुमा समेत राजस्व संकलन लक्ष्यको तुलनामा उच्च रहेको छ।

### तालिका (६): राजस्व लक्ष्य र असुलीको विवरण (रू.करोडमा)

| राजस्च शीर्षक | आ.व. २०७८/७९ वार्षिक लक्ष्य | पुषसम्मको राजस्व असुली | | राजस्व वृद्धिदर | आ.व. २०७८/७९ को पुषसम्मको लक्ष्य | पुषसम्मको लक्ष्यको तुलनामा असूली (%) |
|---|---|---|---|---|---|---|
| | | २०७७/७८ | २०७८/७९ | २०७८/७९ | | |
| भन्सार महशुल | २७८९२.४ | १०००५.९ | १३०६५.० | ३०.६ | १३३४५.८ | ९७.९ |
| मूल्य अभिवृद्धि कर | ३१६३६.१ | १२५२३.६ | १५५५९.७ | २४.२ | १५०१३.२ | १०३.६ |
| उत्पादन, बिक्री, सेवा | १३६६७.३ | ५४८५.९ | ५३४५.४ | -२.६ | ६१२०.६ | ८७.३ |
| पैठारी | १७९६८.८ | ७०३७.७ | १०२१४.३ | ४५.१ | ८८९२.६ | ११४.९ |
| अन्तःशुल्क | १८२१६.८ | ६१९२.८ | ८५२३.२ | ३७.६ | ८९४५.५ | ९५.३ |
| आन्तरिक उत्पादन | ११०७६.५ | ३७८४.० | ५०७२.० | ३४.० | ४८९५.५ | १०३.६ |
| पैठारी | ७१४०.३ | २४०८.७ | ३४५१.१ | ४३.३ | ४०५०.० | ८५.२ |
| आयकर | २८९५०.० | ९९१४.८ | १२२२३.१ | २३.३ | १३१०५.१ | ९३.३ |
| आयकर | २५५५०.४ | ८७२८.५ | ११०७७.४ | २६.९ | ११४०८.३ | ९७.१ |
| ब्याज कर | ३३९९.५ | ११८६.३ | ११४५.७ | -३.४ | १६९६.८ | ६७.५ |
| शिक्षा सेवा शुल्क | १०१.० | १६.४ | २८.३ | ७२.५ | ५०.२ | ५६.४ |
| कर राजस्व | १०६७९६.२ | ३८६५३.४ | ४९३९९.३ | २७.८ | ५०४५९.८ | ९७.९ |
| गैर कर | ११२६३.८ | ३५७०.२ | ४८०६.२ | ३४.६ | ५५१५.० | ८७.१ |
| कुल राजस्व | ११८०६०.० | ४२२२३.६ | ५४२०५.४ | २८.४ | ५५९७४.९ | ९६.८ |
| अन्य प्राप्ति | ०.० | २७८२.८ | ३४१९.४ | २२.९ | ०.० | - |
| **जम्मा** | **११८०६०.०** | **४५००६.४** | **५७६२४.८** | **२८.०** | **५५९७४.९** | **१०२.९** |

स्रोतः अर्थ मन्त्रालय।

१४. यस अवधिमा भन्सार बिन्दुमा संकलन भएको कर राजस्व गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ४४.३ प्रतिशतले बढेर रू. २ खर्ब ६७ अर्ब ३१ करोड पुगेको छ भने आन्तरिकतर्फको कर राजस्व (अन्य कर सहित) १२.६ प्रतिशतले बढेर रू. २ खर्ब २६ अर्ब ६९ करोड रहेको छ। यस अवधिको संकलित कर राजस्वमा आन्तरिकतर्फ संकलन भएको कर राजस्वको अंश ४५.९ प्रतिशत रहेको छ।

### तालिका (७) : चालु आर्थिक वर्षको पुष महिनासम्मको मासिक राजस्व परिचालन (रू. करोडमा)


| राजस्व शीर्षक | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुष | जम्मा |
|---|---|---|---|---|---|---|---|
| भन्सार महशुल | १८१४.२ | २१८७.७ | २४०३.६ | २१३२.८ | २३५५.४ | २१७१.४ | १३०६५.० |
| मूल्य अभिवृद्धि कर | २५९७.५ | २३९७.१ | २५४८.२ | २७१७.६ | २७००.४ | २५९८.८ | १५५५९.७ |
| अन्तःशुल्क | ११७५.३ | १४०१.२ | १७७८.७ | १४७९.१ | १३५५.८ | १३३३.० | ८५२३.२ |
| आयकर | २०२९.२ | १२४४.८ | १३१६.६ | १२९८.४ | १०६७.७ | ५२६६.५ | १२२२३.१ |
| शिक्षा सेवा शुल्क | २.७ | ६.४ | ५.० | ३.९ | ३.८ | ६.६ | २८.३ |
| कर राजस्व जम्मा | ७६१८.८ | ७२३७.२ | ८०५२.० | ७६३१.९ | ७४८३.२ | ११३७६.३ | ४९३९९.३ |
| गैर कर | १७०७.३ | २९४.४ | ५९४.२ | २९५.६ | ३२५.८ | १५८८.८ | ४८०६.२ |
| **कुल राजस्व** | **९३२६.१** | **७५३१.६** | **८६४६.२** | **७९२७.४** | **७८०९.०** | **१२९६५.१** | **५४२०५.४** |
| अन्य प्राप्ति | १,२६७.०३ | ३४९.६६ | ६६४.७९ | ५४५.४१ | ३१२.२५ | २८०.२४६७ | ३४१९.४ |
| **कुल प्राप्ति** | **१०५९३.२** | **७८८१.३** | **९३११.०** | **८४७२.९** | **८१२१.२** | **१३२४५.४** | **५७६२४.८** |

स्रोतः अर्थ मन्त्रालय।

१५. चालु आर्थिक वर्षको पहिलो ६ महिनाको कुल राजस्व परिचालनमा पुष महिनामा मात्र संकलन भएको राजस्वको अंश २३.९ प्रतिशत रहेको छ। पुष महिनामा कर राजस्व २३.० प्रतिशत संकलन भएको छ। आयकर परिचालन पुष र भन्सार महशुल तथा अन्तःशुल्क संकलन असोज महिनामा उच्च रहेको छ भने मूल्य अभिवृद्धि करको संकलन कार्तिक महिनामा उच्च रहेको

छ। आयकर संकलन पुष महिनामा उच्च रहेको छ। साउन र पुष महिनामा गैरकर राजस्व परिचालन तुलनात्मक रुपमा उच्च रहेको छ।

**चार्ट (३): चालु आर्थिक वर्षको पुषसम्मको मासिक राजस्व परिचालनको स्थिति** (रू. करोडमा)




स्रोतः अर्थ मन्त्रालय।

## संघीय राजस्व

१६. चालु आर्थिक वर्षको ६ महिनामा संघीय सरकारको राजस्व परिचालन (बाँडफाँट अघिको रोयल्टी समेत) अघिल्लो आर्थिक वर्षको सोही अवधिको रू. ३ खर्ब ७३ अर्ब ३१ करोडको तुलनामा २८.६ प्रतिशतले वृद्धि भई रू. ४ खर्ब ८० अर्ब १६ करोड रहेको छ। यस अवधिमा प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व गत आर्थिक वर्षको पुषसम्मको रू. ४८ अर्ब ९२ करोडको तुलनामा २६.५ प्रतिशतले वृद्धि भई रू. ६१ अर्ब ९० करोड रहेको छ।

## करको दायरा विस्तार

१७. २०७८ पुषसम्म स्थायी लेखा नम्बर लिने करदाताको कुल सङ्ख्या ४४ लाख ८८ हजार २ सय ६५ पुगेको छ। यस अवधिमा दर्ता भएका कुल करदातामध्ये व्यवसायिक स्थायी लेखा नम्बर लिने करदाता १७ लाख २२ हजार ४ सय ६३ (३८.३ प्रतिशत), व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता २७ लाख ५१ हजार ९ सय ९० (६१.३ प्रतिशत) र करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर १३ हजार ८ सय १२ (०.३ प्रतिशत) पुगेको छ। यसैगरी मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताको सङ्ख्या ३ लाख ९ हजार ३९ र अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या १ लाख १४ हजार ९ सय ८ पुगेको छ।

**तालिका (८): व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण**

| दर्ताको प्रकार | २०७८ असारसम्म | २०७७/७८ को पुषसम्ममा थप | २०७८/७९ को पुषसम्ममा थप | प्रतिशत परिवर्तन | २०७८ पुषसम्म |
|---|---|---|---|---|---|
| व्यवसायिक स्थायी लेखा नम्बर (BPAN) | १५८०३८० | १३०२१९ | १४२०८३ | ९.११ | १७२२४६३ |
| व्यक्तिगत स्थायी लेखा नम्बर (PPAN) | २४७५७५३ | २६१३४३ | २७६२३७ | ५.७० | २७५१९९० |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर (WPAN) | ९९९८ | २०६८ | ३८१४ | ८४.४३ | १३८१२ |
| **जम्मा स्थायी लेखा नम्बर #** | **४०६६१३१** | **३९३६३०** | **४२२१३४** | **७.२४** | **४४८८२६५** |
| मू.अ.कर | २९०७१४ | २१२५८ | १८३६४ | -१३.६१ | ३०९०७८ |
| अन्तः शुल्क | १०४१८२ | ११९९५ | १०७२६ | -१०.५८ | ११४९०८ |

स्रोतः आन्तरिक राजस्व विभाग।

# स्थायी लेखा नम्बरको दर्ता खारेजीबाट कायम भएको सङ्ख्या मात्र समावेश गरिएको।

१८. चालु आर्थिक वर्षको पुष मसान्तसम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा स्थायी लेखा नम्बर लिने करदाताको संङ्ख्या ७.२४ प्रतिशतले बढेको छ। त्यस्तै, मूल्य अभिवृद्धि करमा दर्ता हुने करदाताको सङ्ख्या १३.६१ प्रतिशतले घटेको छ भने अन्तशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या १०.५८ प्रतिशतले घटेको छ।

१९. मासिकरुपमा विश्लेषण गर्दा थप स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या सवैभन्दा उच्च भाद्र महिनामा रहेको छ भने कार्तिक महिनामा यस्तो सङ्ख्या सबैभन्दा न्यून रहेको छ।

**तालिका (९): चालु आर्थिक वर्षको ६ महिनामा थप स्थायी लेखा नम्बर लिने करदाताको मासिक विवरण**

| विवरण | साउन | भाद्र | असोज | कार्तिक | मंसिर | पुष | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| कुल स्थायी लेखा नम्बर (थप भएको) | ७५७९६ | ८४१४२ | ६८३२० | ५४३१६ | ६९७३६ | ६९८२४ | ४२२१३४ |
| व्यवसायिक स्थायी लेखा नम्बर थप | २९२५२ | ३३३८९ | २५७६७ | १६०५६ | २०१२९ | १७४९० | १४२०८३ |
| व्यक्तिगत स्थायी लेखा नम्बर थप | ४६०७४ | ५०१९७ | ४२००२ | ३७७७२ | ४८७५५ | ५१४३७ | २७६२३७ |
| करकट्टी गने निकायले लिएका स्थायी लेखा नम्बर थप | ४७० | ५५६ | ५५१ | ४८८ | ८५२ | ८९७ | ३८१४ |
| मूल्य अभिवृद्धि करमा दर्ता थप | ४२१४ | ४११२ | २८९३ | २१४३ | २७३३ | २२६९ | १८३६४ |
| अन्तशुल्कमा दर्ता थप | ३८०८ | २१०२ | १७३४ | ९९२ | १११३ | ९७७ | १०७२६ |

स्रोतः आन्तरिक राजस्व विभाग। नोटः मासिक तथ्याङ्क संशोधित भएकोले फरक हुन सक्नेछ ।

२०. चालु आर्थिक वर्षको पुषसम्ममा संघीय सरकारको आय २९.३ प्रतिशतले वृद्धि भई रू.५ खर्ब २८ अर्ब २४ करोड रहेको छ भने कुल संघीय संचित कोषमा प्राप्ति (ऋणसहित) १६.९ प्रतिशतले बढेको छ। यस अवधिमा संघीय सरकारको राजस्व वचत रू.७३ अर्ब ६६ करोड रहेको छ भने बजेट वचत रू.२१ अर्ब ४५ करोड रहेको छ। यस अवधिमा सरकारले ट्रेजरी बिलतर्फमात्र रू. ६ अर्ब बराबको आन्तरिक ऋण परिचालन गरेको छ। यस अवधिमा संघीय सरकारले रू.४५ अर्ब २ करोड वरावरको वैदेशिक ऋण तथा रू.१३ अर्ब ८८ करोड वरावरको वैदेशिक अनुदान प्राप्त गरेको छ।

**तालिका (१०): पछिल्लो ३ वर्षको पुषसम्मको साधनस्रोत तथा खर्चको अवस्था** (रू.करोडमा)

| विवरण | पुषसम्म | | | | प्रतिशत परिवर्तन | | |
|---|---|---|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| संघीय राजस्व # | ३४९२८.१ | ३८३६७.४ | ३७३३१.३ | ४८०१५.९ | ९.८ | -२.७ | २८.६ |
| अन्य प्राप्ति | ६७३.३ | २६४८.९ | २७८२.८ | ३४१९.४ | २९३.४ | ५.१ | २२.९ |
| वैदेशिक अनुदान | ७०८ | १३७३ | ७४६.३ | १३८८.३ | ९३.९ | -४५.६ | ८६.० |
| **कुल संघीय आय** | **३६३०९.३** | **४२३८९.३** | **४०८६०.४** | **५२८२३.६** | **१६.७** | **-३.६** | **२९.३** |
| आन्तरिक ऋण परिचालन | ० | ० | ५७०० | ६००.० | - | - | -८९.५ |
| वैदेशिक ऋण प्राप्ति | २६५५ | ३२४४ | ३००४.१ | ४५०२.० | २२.२ | -७.४ | ४९.९ |
| **कुल संघीय प्राप्ति** | **३८९६४.३** | **४५६३३.३** | **४९५६४.५** | **५७९२५.६** | **१७.१** | **८.६** | **१६.९** |
| **कुल संघीय खर्च** | **३७५८२.१** | **४१०५२.३** | **४१५७४.५** | **५०६७८.३** | **९.२** | **१.३** | **२१.९** |
| **स्रोत वचत(+)/न्यून (-)** | **१३८२.२** | **४५८१** | **७९८९.९** | **७२४७.३** | **२३१.४** | **७४.४** | **-९.३** |
| संघीय चालु खर्च | २९६५७.६ | ३०९६५.१ | ३४२३५.६ | ४०६४९.८२ | ४.४ | १०.६ | १८.७ |
| **राजस्व वचत (+)/न्यून (-)** | **५२७०.५** | **७४०२.३** | **३०९५.७** | **७३६६.१** | **४०.४** | **-५८.२** | **१३७.९** |
| **वजेट वचत (+)/न्यून (-)** | **-१२७२.८** | **१३३७** | **-७१४.१** | **२१४५.४** | **-** | **-** | **-** |

स्रोत अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय। # बाँडफाँड अघिको रोयल्टीसहित

## अन्तर्राष्ट्रिय विकास सहायता प्रतिवद्धता

२१. आर्थिक वर्ष २०७८/७९ को पुष महिनासम्म वैदेशिक सहायता प्रतिवद्धता गत आर्थिक वर्षको सोही अवधिको रू. १ खर्ब ८७ अर्ब ४४ करोडको तुलनामा ४०.९ प्रतिशतले संकुचन भई रू.१ खर्ब १० अर्ब ८५ करोड रहेको छ। उक्त प्रतिबद्धतामध्ये अनुदान सहायता रू.६ अर्ब ८५ करोड र ऋण सहायता रू.१ खर्ब ४ अर्ब रहेको छ।

२२. मासिकरुपमा विश्लेषण गर्दा २०७८ पुष महिनामा सवैभन्दा बढी वैदेशिक सहायता प्रतिबद्धता प्राप्त भएको छ भने कार्तिक महिनामा कुनै पनि प्रकारको सहायता प्रतिबद्धता प्राप्त भएको छैन।

**तालिका (११): पछिल्लो २ वर्षको मासिक वैदेशिक सहायता प्रतिबद्धताको स्थिति** (रू. करोडमा)


| महिना | आर्थिक वर्ष २०७७/७८ | | | आर्थिक वर्ष २०७८/७९ | | |
|---|---|---|---|---|---|---|
| | अनुदान | ऋण | जम्मा | अनुदान | ऋण | जम्मा |
| साउन | ९३.५ | ५४००.० | ५४९३.५ | ३९.५ | १९६.८ | २३६.३ |
| भदौ | ५४२.० | २३७१.६ | २९१३.६ | ५४१.७ | ३६५३.८ | ४१९५.६ |
| असोज | १३२.४ | ०.० | १३२.४ | ०.० | ११६२.३ | ११६२.३ |
| कार्तिक | ५१५.२ | ०.० | ५१५.२ | ०.० | ०.० | ०.० |
| मंसिर | ४११.६ | ४१४४.७ | ४५५६.३ | १०४.१ | ७१७.० | ८२१.१ |
| पुष | ११७.९ | ५०१४.८ | ५१३२.७ | ०.० | ४६७०.० | ४६७०.० |
| **जम्मा** | **१८१२.५** | **१६९३१.१** | **१८७४३.६** | **६८५.३** | **१०४००.०** | **११०८५.२** |

स्रोतः अर्थ मन्त्रालय।

२३. यस अवधिमा वैदेशिक सहायता प्रतिवद्धतामा अनुदान र ऋणको अंश क्रमशः ६.२ प्रतिशत र ९३.८ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो हिस्सा क्रमशः ९.७ प्रतिशत र ९०.३ प्रतिशत रहेको थियो।

२४. कुल वैदेशिक सहायता प्रतिवद्धतामध्ये बजेट सहायता ४२.१ प्रतिशत, स्वास्थ्य (कोभिड-१९ को नियन्त्रण तथा उपचार सहित) २३.१ प्रतिशत, शिक्षा १४.३ प्रतिशत, कृषि १०.५ प्रतिशत, ऊर्जा ६.५ प्रतिशत र अन्यमा ३.६ प्रतिशत रहेको छ।

**चार्ट (४): आर्थिक वर्ष २०७८/७९ को पुषसम्मको वैदेशिक सहायता प्रतिवद्धताको संरचना** (रू. करोडमा)





स्रोतः अर्थ मन्त्रालय।

२५. चालु आर्थिको वर्ष २०७८/७९ को पुषसम्म कुल रु. ५८ अर्ब ९० करोड बराबरको वैदेशिक सहायता परिचालन गरिएको छ। जसमध्ये रू. १३ अर्ब ८८ करोड वरावरको वैदेशिक अनुदान र रु. ४५ अर्ब २ करोड वरावरको वैदेशिक ऋण रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा अनुदान रू. ७ अर्ब ४६ करोड र ऋण रू. ३० अर्ब ४ करोड गरी जम्मा रू. ३७ अर्ब ५० करोड वरावरको वैदेशिक सहायता प्राप्त भएको थियो।

२६. २०७८ पुषमसान्तसम्म सरकारको तिर्न बाँकी कुल ऋण दायित्व रु. १७ खर्ब २६ अर्ब ३१ करोड पुगेको छ। यसमध्ये आन्तरिक ऋण रु. ७ खर्ब ७६ अर्ब ३२ करोड (४५.० प्रतिशत) र वैदेशिक ऋण ९ खर्ब ४८ अर्ब ९९ करोड (५५.० प्रतिशत) रहेको छ।

२७. यस अवधिको तिर्न बाँकी कुल आन्तरिक ऋण मध्ये विकास ऋणपत्रको अंश ६६.२ प्रतिशत रहेको छ भने ट्रेजरी विल र अन्य (नागरिक वचतपत्र र वैदेशिक रोजगार बचतपत्र) को अंश क्रमशः ३३.१ प्रतिशत, ०.७ प्रतिशत रहेको छ।

**चार्ट(५): २०७७ पुषमसान्तसम्म तिर्न बाँकी सार्वजनिक ऋणको संरचना** (रू. करोडमा)




स्रोतः अर्थ मन्त्रालय।

२८. २०७८ पुषसम्म आन्तरिक ऋण तर्फ रू. २९ अर्ब साँवा भुक्तानी र रू. १९ अर्ब ८१ करोड ब्याज भुक्तानी भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा आन्तरिक ऋणको साँवा तर्फ रू. ६ अर्ब र ब्याजतर्फ रू. १३ अर्ब ९६ करोड भुक्तानी गरिएको थियो। त्यसैगरी, यस अवधिमा बाह्य ऋण तर्फ रु.१२ अर्ब १० करोड साँवा भुक्तानी र रू. ३ अर्ब ४२ करोड बराबरको ब्याज (प्रतिबद्धता शुल्क सहित) भुक्तानी भएको छ।

**तालिका (१२): चालु आर्थिक वर्षको पुषसम्मको मासिक ऋण सेवा खर्चको अवस्था** (रू. करोडमा)

| विवरण | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुष | जम्मा |
|---|---|---|---|---|---|---|---|
| **कुल ऋण सेवा खर्च** | २८९.४ | ३०६७.१ | १०७३.० | ९२४.५ | ६७०.१ | ४१०.० | ६४३४.१ |
| **आन्तरिक ऋण** | **१३७.७** | **२८७४.९** | **७३४.७** | **५५५.९** | **२७१.५** | **३०६.७** | **४८८१.५** |
| सावाँ | ०.० | २७००.० | २००.० | ०.० | ०.० | ०.० | **२९००.०** |
| ब्याज | १३७.७ | १७४.९ | ५३४.७ | ५५५.९ | २७१.५ | ३०६.७ | **१९८१.५** |
| **वाह्य ऋण** | **१५१.७** | **१९२.२** | **३३८.३** | **३६८.६** | **३९८.६** | **१०३.३** | **१५५२.६** |
| सावाँ | १०७.७ | १३२.६ | २७६.९ | ३०९.१ | ३००.९ | ८३.४ | **१२१०.६** |
| ब्याज (प्रतिबद्धता शूल्क सहित) | ४३.९ | ५९.५ | ६१.४ | ५९.५ | ९७.७ | १९.९ | **३४२.०** |

स्रोतः सार्वजनिक ऋण व्यवस्थापन कार्यालय।

## वित्तीय क्षेत्र

२९. समिक्षा अवधिमा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा कुल निक्षेप र कुल कर्जा लगानीको अनुपात बढ्दै गएको छ। कुल लगानीमा निष्क्रिय कर्जाको अनुपात भने घटेर १.३१ प्रतिशत रहेको छ भने विपन्न क्षेत्रतर्फ प्रवाहित कर्जा अनुपात बढ्दै ८.२८ प्रतिशत पुगेको छ।

३०. २०७७ पुषसम्म ७४९ स्थानीय तहमा वाणिज्य बैंकको शाखा सङ्ख्या पुगेकोमा २०७८ पुषसम्म यस्तो सङ्ख्या ७५० पुगेको छ। त्यस्तै २०७७ पुषसम्म बैंक तथा वित्तीय संस्थाको सङ्ख्या १४४ रहेकोमा २०७८ पुष मसान्तमा सो सङ्ख्या १२९ कायम भएको छ। २०७७ पुष मसान्तसम्म बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या १०,१८७ रहेकोमा २०७८ पुष मसान्तमा यस्तो सङ्ख्या ११,२१५ पुगेको छ।

**तालिका (१३): पुषसम्मको वित्तीय परिसूचकहरू**


| वित्तीय सूचकहरु | २०७६ | २०७७ | २०७८ |
|---|---|---|---|
| **कुल गार्हस्थ्य उत्पादनको अनुपातमा** | | | |
| कुल निक्षेप | १०२.७८ | ११३.७३ | ११४.९६ |
| कुल कर्जा | ९१.३६ | ९७.२१ | १०९.७१ |
| **कुल कर्जा लगानीको अनुपातमा** | | | |
| निष्कृय कर्जा | १.७७ | १.८४ | १.३१ |
| विपन्न क्षेत्र कर्जा | ७.०० | ७.५९ | ८.२८ |
| **वित्तीय पहुचका परिसूचकहरू** | | | |
| बैङ्क तथा वित्तीय संस्था (सङ्ख्यामा) | १६४ | १४४ | १२९ |
| बैङ्क तथा वित्तीय संस्थाका शाखा सञ्जाल (सङ्ख्यामा) | ९,३९४ | १०,१८७ | ११२१५ |
| वाणिज्य बैङ्कको उपस्थिति भएका स्थानीय तह (सङ्ख्यामा) | ७४५ | ७४९ | ७५० |
| कुल निक्षेप खाता (सङ्ख्या लाखमा) | ३११.१२ | ३४६.७२ | ४१८.३८ |
| कुल कर्जा खाता (सङ्ख्या लाखमा) | १४.९८ | १६.०२ | १८.०१ |
| एटिएम (सङ्ख्यामा) | ३,६६२ | ४,२५४ | ४४१७ |
| **भारित औसत ब्याजदर** | | | |
| निक्षेप | ६.७९ | ५.०० | ६.३७ |
| कर्जा | ११.९४ | ९.०९ | ९.४४ |

स्रोतः नेपाल राष्ट्र बैंक।

## बीमा क्षेत्र

३१. चालु आर्थिक वर्ष २०७८/७९ को पुष महिनासम्म बीमा प्रिमियम संकलन अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा १४.८ प्रतिशतले वृद्धि भई रू.९० अर्ब १ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम रू.७८ अर्ब ४० करोड रहेको थियो। यस अवधिमा संकलित बीमा प्रिमियम मध्ये जीवन बीमा र निर्जिवन बीमा तर्फको हिस्सा क्रमशः ७८.८ प्रतिशत र २१.२ प्रतिशत रहेको छ।

**चार्ट(६): मासिकरूपमा बीमा प्रिमियम संकलनको स्थिति** (रू. करोडमा)




| | श्रावण | भदौ | असोज | कार्तिक | मंसिर | पौष |
|---|---|---|---|---|---|---|
| २०७६/७७ | १२९४.९ | ८१४.९ | १०३०.२ | ३०२.५ | ९९४.४ | १६१४.१ |
| २०७७/७८ | १५७५.० | ९८०.० | १४३१.० | ९२४.० | १२५०.० | १६८०.० |
| २०७८/७९ | १९५३.० | १५००.० | १३३४.० | १३०४.० | १२३१.० | १६७९.२ |

■ २०७६/७७ ■ २०७७/७८ ■ २०७८/७९

स्रोतः बीमा समिति।

३२. २०७८ पुष मसान्तसम्म ३१.९७ प्रतिशत जनसङ्ख्यामा बीमा (म्यादि जीवन बीमालेख सहित) को पँहुच पुगेको छ। यस अवधिमा वैदेशिक रोजगार बीमालेख सहित बीमाको दायरामा आएको जनसङ्ख्या ३५.० प्रतिशत पुगेको छ। २०७७ पुषमसान्तसम्म २४.८६ प्रतिशत जनसङ्ख्यामा बीमाको पहुँच पुगेको थियो।

३३. आर्थिक वर्ष २०७७/७८ को तुलनामा चालु आर्थिक वर्ष २०७८/७९ को साउन, भदौ र कार्तिक महिनामा बीमा प्रिमियम संकलन उच्च रहेको छ भने बाँकी तीन महिनामा यस्तो संकलन न्यून रहेको छ। मासिकरुपमा विश्लेषण गर्दा साउन महिनामा बीमा प्रिमियम संकलन उच्च रहेको छ भने मंसिर महिनामा सवैभन्दा न्यून रहेको छ।


## पुँजी बजार

३४. २०७७ पुषमसान्तमा २२८६.६ विन्दुमा रहेको नेप्से सूचकाङ्क २०७८ पुष मसान्तमा बढेर २८५७.८ विन्दु कायम भएको छ। पछिल्लो दुई दशकको पुषमसान्तको नेप्से पुँजीको प्रवृत्ति हेर्दा २०७८ साउन मसान्तमा नेप्से सूचकाङ्क सबैभन्दा उच्च विन्दुमा रहेको छ। २०७८ पुष मसान्तसम्म नेपाल स्टक एक्सेन्जमा सूचीकृत कम्पनीहरुको सङ्ख्या २२५ रहेको छ।

३५. चालु आर्थिक वर्षको साउन १ गते नेप्से सूचकाङ्क २९८०.६ बिन्दुमा रहेकोमा २०७८ पुष मसान्तमा २८५७.८ बिन्दुमा रहेको छ।

३६. कोरोना महामारीको प्रतिकूल समयमा समेत नेप्से सूचकाङ्क क्रमशः बढ्दै गएको हुँदा नेपालको पुँजी बजार सबल तथा सुधारोन्मूख हुँदै संस्थागतबद्ध भएको देखिन्छ। पुँजी बजारमा लगानीकर्ताहरू आकर्षित हुने क्रम बढ्दै गएको कारणले नेप्से सूचकाङ्कमा सुधार देखिएको हो।


**चार्ट (७) : पछिल्लो २ दशकको पुषमसान्तको नेप्से सूचकाङ्क**




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड।

३७. वार्षिक बिन्दुगत आधारमा २०७८ पुष मसान्तमा बजार पुँजीकरण अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ३१.१ प्रतिशतले वृद्धि भई रू.४० खर्ब ३७ अर्ब १३ करोड पुगेको छ। २०७७ पुष मसान्तमा यस्तो रकम रू.३० खर्ब ७९ अर्ब ९४ करोड रहेको थियो।

**चार्ट (८): पछिल्लो ५ वर्षको पुषमसान्तसम्मको बजार पुँजीकरणको स्थिति** (रू. अर्बमा)





स्रोतः नेपाल राष्ट्र बैङ्क।

३८. २०७८ पुष महिनामा नेप्से सूचकाङ्कमा उल्लेखनीय सुधार आएको छ। पुष १ गते नेप्से सूचकाङ्क २३७६.७ विन्दुमा रहेकोमा पुष २८ गते २८५७.८ विन्दुमा पुगेको छ।

## समग्र मूल्य स्थिति

३९. २०७८ पुष महिनामा वार्षिक विन्दुगत आधारमा उपभोक्ता मुद्रास्फीति ५.६५ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ३.५६ प्रतिशत रहेको थियो। २०७८ पुष महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ४.९२ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको वार्षिक औसत मुद्रास्फीति ६.२३ प्रतिशत रहेको छ।

चार्ट (९): वार्षिक विन्दुगत आधारमा पछिल्लो ५ आर्थिक वर्षको पुष महिनाको उपभोक्ता मुद्रास्फीतिको प्रवृत्ति




स्रोतः नेपाल राष्ट्र बैंक।

४०. चालु आर्थिक वर्षको ६ महिनाको औसत उपभोक्ता मुद्रास्फीति ५.०३ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ३.७२ प्रतिशत रहेको थियो। पछिल्लो ५ वर्षको उपभोक्ता मुद्रास्फीतिको प्रवृत्ति हेर्दा आर्थिक वर्ष २०७४/७५ को ६ महिनाको औसत उपभोक्ता मुद्रास्फीति सबैभन्दा न्यून ३.४६ प्रतिशत रहेको थियो भने आर्थिक वर्ष २०७६/७७ को सोही अवधिको औसत उपभोक्ता मुद्रास्फीति सबैभन्दा उच्च रहेको थियो। २०७८ पुष महिनामा घ्यू तथा तेल, यातायात, मदिराजन्य पेय पदार्थ, सूर्तीजन्य वस्तु लगायतका वस्तुहरुको मूल्य वृद्धि उच्च रहेको छ।

तालिका (१४) : ५ वर्षको पहिलो ६ महिनाको उपभोक्ता मुद्रास्फीतिको स्थिति

| महिना | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|---|
| साउन | २.२८ | ४.१९ | ६.९५ | ३.४९ | ४.३५ |
| भदौ | ३.३९ | ३.८७ | ६.१६ | ४.५२ | ३.४९ |
| असोज | ३.१० | ४.६८ | ६.२१ | ३.७९ | ४.२४ |
| कार्तिक | ३.८५ | ४.१५ | ५.७६ | ४.०५ | ५.३२ |
| मंसिर | ४.१६ | ३.७१ | ६.५५ | २.९३ | ७.११ |
| पुष | ४.०० | ४.५८ | ६.८२ | ३.५६ | ५.६५ |
| **औसत मुद्रास्फीति** | **३.४६** | **४.२०** | **६.४१** | **३.७२** | **५.०३** |

स्रोतः नेपाल राष्ट्र बैंङ्क।

## थोक मुद्रास्फीति र तलब तथा ज्यालादर सूचकाङ्क

४१. २०७८ पुषमा वार्षिक विन्दुगत आधारमा थोक मुद्रास्फीति ८.०८ प्रतिशत रहेको छ। २०७७ पुषमा यस्तो मुद्रास्फीति ६.१८ प्रतिशत रहेको थियो।

४२. २०७८ पुषमा वार्षिक विन्दुगत तलब तथा ज्यालादर सूचकाङ्क ५.७७ प्रतिशतले बढेको छ। २०७७ पुषमा यस्तो सूचकाङ्क १.७२ प्रतिशतले बढेको थियो।

## बाह्य क्षेत्र

### वस्तु निकासी

४३. आर्थिक वर्ष २०७८/७९ को पुष महिनासम्म कुल वस्तु निकासी गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ९५.५ प्रतिशतले वृद्धि भई रू.११८ अर्ब ८५ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निकासी रू.६० अर्ब ८० करोड रहेको थियो।

४४.चालु आर्थिक वर्षको पहिलो छ महिनामा गन्तव्यका आधारमा भारत र अन्य देशतर्फको वस्तु निकासी क्रमश: १२१.८ प्रतिशत र ३०.२ प्रतिशतले बढेको छ भने चीनतर्फको निकासी १०.२ प्रतिशतले घटेको छ। गत आर्थिक वर्षको सोही अवधिमा भारत र अन्य देशतर्फको वस्तु निकासी क्रमशः ८.४ प्रतिशत र ४.० प्रतिशतले वृद्धि भएको थियो भने चीनतर्फको निकासी ५०.० प्रतिशतले घटेको थियो।

४५. चालु आर्थिक वर्षको छ महिनामा भारत, चीन र अन्य देश तर्फको वस्तु निकासीको अंश क्रमशः ८१.२ प्रतिशत, ०.४ प्रतिशत र १८.४ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ७१.६ प्रतिशत, ०.८ प्रतिशत र २७.६ प्रतिशत रहेको थियो।

तालिका (१५): पुष महिनासम्म निकासी भएका प्रमुख १० वस्तुहरू (रू.करोडमा)

| निकासी वस्तुहरु | २०७७/७८ | निकासीको अंश | २०७८/७९ | निकासीको अंश | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| भटमासको तेल प्रशोधित | १७०३.३३ | २८.० | ३४२७ | २८.८ | १०१.२ |
| प्रशोधित पाम तेल | ०.०४ | ०.० | ३१९७.५६ | २६.९ | |
| सेन्थेटिक यार्न | ३८६.१२ | ६.४ | ५७५.०२ | ४.८ | ४८.९ |
| उनी गलैंचा कार्पेट | ३५२.८४ | ५.८ | ४४२.०६ | ३.७ | २५.३ |
| तयारी कपडा | २८९.६७ | ४.८ | ३७५.९२ | ३.२ | २९.८ |
| जुटका बुनिएका कपडा | १९१.७९ | ३.२ | ३२७.०६ | २.८ | ७०.५ |
| जमोठ कपडा | २१७.१४ | ३.६ | २६३.५२ | २.२ | २१.४ |
| फलफुलको जुस | १६४.८९ | २.७ | २५८.२६ | २.२ | ५६.६ |
| सुर्यमुखिको प्रशोधित तेल | ३८.९२ | ०.६ | २४१.४८ | २.० | ५२०.५ |
| अलैची | ३८१.७६ | ६.३ | २२८.७२ | १.९ | -४०.१ |
| अन्य | २३५३.४२ | ३८.७ | २५४८.३७ | २१.४ | ८.३ |
| कुल निकासी | ६०७९.९२ | १००.० | ११८८५ | १००.० | ९५.५ |

स्रोतः भन्सार विभाग।

४६. वस्तुगत आधारमा प्रशोधित भटमासको तेल, प्रशोधित सुर्यमुखी तेल, जुटका बुनिएका कपडा, सेन्थेटिक यार्न, उनी गलैचा कार्पेट, जमोठ कपडा, तयारी कपडा, फलफुलको जुस लगायतका वस्तुको निकासी बढेको छ भने अलैची, चिया, जस्तापाता, तार लगायतका वस्तुको निकासी घटेको छ।

४७. यस अवधिको कुल वस्तु निकासी मध्ये प्रशोधित भटमासको तेलको अंश २८.८ प्रतिशत रहेको छ। यस अवधिमा निकासी भएका प्रमुख १० वस्तुहरुको कुल निकासीमा अंश ७८.६ प्रतिशत रहेको छ। चालु आर्थिक वर्षमा निकासी भएका प्रमुख १० वस्तुहरुको गत आर्थिक वर्षको सोही अवधिको निकासीमा ६१.३ प्रतिशत अंश रहेको थियो।

## वस्तु पैठारी

४८. चालु आर्थिक वर्ष २०७८/७९ को पुष महिनासम्म कुल वस्तु पैठारी गत आर्थिक वर्षको सोही अवधिको ६ खर्ब ६१ अर्ब २४.५ करोडको तुलनामा ५१.१ प्रतिशतले वृद्धि भई रू.९ खर्ब ९९ अर्ब ३४ करोड रहेको छ।

**तालिका (१६): पुष महिनासम्म पैठारी भएका प्रमुख १० वस्तुहरू** (रू.करोडमा)

| पैठारी भएका वस्तुहरु | २०७७/७८ | पैठारीको अंश | २०७८/७९ | पैठारीको अंश | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| डिजेल | ३२९३.६९ | ५.० | ६१४७.३८ | ६.२ | ८६.६ |
| भटमासको तेल कच्चा | १७६७.०१ | २.७ | ३६५४.०४ | ३.७ | १०६.८ |
| पेट्रोल | १२९६.४२ | २.० | २९२७.२५ | २.९ | १२५.८ |
| एल पि ग्यास | १४०३.६१ | २.१ | २९२३.०८ | २.९ | १०८.३ |
| कच्चा पाम तेल | २६९.८२ | ०.४ | २७४९.१८ | २.८ | ९१८.९ |
| एम.एस.विलेट | २९८२.६६ | ४.५ | २६४४.१ | २.६ | -११.४ |
| मोवाइल टेलिफोन | २०६३.०३ | ३.१ | २५६२.९३ | २.६ | २४.२ |
| सुन | १२२१.३६ | १.८ | २३२५.९१ | २.३ | ९०.४ |
| भ्याक्सीन - मानव उपचारका) | १०८.८१ | ०.२ | २०४६.६४ | २.० | १७८०.९ |
| एच.आर.सिट | १२३७.८७ | १.९ | २०१०.५९ | २.० | ६२.४ |
| अन्य | ५०४८०.२६ | ७६.३ | ६९९४२.७९ | ७०.० | ३८.६ |
| कुल पैठारी | ६६१२४.५४ | १००.० | ९९९३३.८९ | १००.० | ५१.१ |

स्रोतः भन्सार विभाग।

४९. गन्तव्यका आधारमा चालु आर्थिक वर्षको छ महिनामा भएको कुल पैठारीमध्ये भारत, चीन र अन्य देशहरूबाट भएको पैठारीको अंश क्रमशः ६०.४ प्रतिशत, १४.६ प्रतिशत र २५ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षमा भारतबाट भएको पैठारी ३.५ प्रतिशतले बढेको थियो भने चीन र अन्यदेशबाट भएको पैठारी क्रमशः १८.५ प्रतिशत र १७.४ प्रतिशतले घटेको थियो।


५०. वस्तुगत आधारमा पैंठारी भएका मुख्य १० वस्तुहरु मध्ये भ्याक्सिन, कच्चा पाम तेल, पेट्रोल, डिजेल, तयारी कपडा, एल.पी.ग्यास, कच्चा भटमासको तेल, सुन, एच.आर.सिट, मोबाईल टेलिफोन लगायतका वस्तुको पैठारी बढेको छ भने एम.एस. विलेटको पैठारी घटेको छ।

५१. यस अवधिको कुल पैंठारीमा प्रमुख १० वस्तुहरु मध्येको डिजेलको अंश सबैभन्दा बढी ६.२ प्रतिशत रहेको छ भने भ्याक्सीन (मानव स्वास्थ्य) र एच.आर. सिटको अंश सबैभन्दा कम २.० प्रतिशत रहेको छ । यस अवधिमा पैठारी भएका प्रमुख १० वस्तुहरुको अंश कुल पैठारीमा ३० प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा यस्तो अंश २३.७ प्रतिशत रहेको थियो ।

## व्यापार सन्तुलन

५२. चालु आर्थिक वर्षको पहिलो ६ महिनामा वस्तु व्यापार घाटा ४६.६ प्रतिशतले वृद्धि भई रू. ८ खर्ब ८० अर्ब ४९ करोड रहेको छ । गत आर्थिक वर्षमा यस्तो घाटा ५.८ प्रतिशतले संकुचन भई रू. ६ खर्ब ४५ करोड रहेको थियो। पैठारी र निकासीको अनुपात उच्च रहेको कारण वस्तु निकासीमा उच्च वृद्धि भए पनि वस्तु व्यापार घाटा फराकिलो हुँदै गएको छ। आर्थिक वर्ष २०७८/७९ को सुरूदेखि नै वस्तु पैठारी उच्च रुपमा वढेको हुँदा सोको प्रभाव व्यापार सन्तुलनमा परेको छ।


चार्ट (१०)ः पछिल्लो ५ आर्थिक वर्षको पुष महिनासम्मको वस्तु व्यापार घाटाको स्थिति




स्रोतः भन्सार विभाग।

५३. चालु आर्थिक वर्षको पहिलो ६ महिनामा भारतसँगको व्यापार घाटा २८.३ प्रतिशतले वढेको छ भने चीन र अन्य देशसँगको व्यापार घाटा क्रमशः ५१.८ प्रतिशत र १०८.६ प्रतिशतले बढेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा भारतसँगको व्यापार घाटा ३.० प्रतिशतले वढेको थियो भने चीन र अन्य देशसँगको व्यापार घाटा क्रमशः १८.३ प्रतिशत र १९.९ प्रतिशतले घटेको थियो। पछिल्लो समयमा चीन र अन्य देशतर्फको निकासी कमजोर बन्दै गएको कारण व्यापार घाटा थप फराकिलो बन्दै गएको छ।

तालिका (११)ः पुष महिनासम्मको कुल वस्तु व्यापारमा निकासी र पैठारीको अंश (प्रतिशतमा)




स्रोतः भन्सार विभाग।

५४. यस अवधिको कुल वस्तु व्यापारमा निर्यात र आयातको अंश क्रमशः १०.६ प्रतिशत र ८९.४ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमश ८.४२ प्रतिशत र ९१.५८ प्रतिशत रहेको थियो।

५५. यस अवधिको कुल वस्तु निकासी मध्ये मध्यवर्ती उपभोग्य वस्तुको अंश ४७.८ प्रतिशत, अन्तिम उपभोग्य वस्तु ५२.२ प्रतिशत, पुँजिगत बस्तुहरुको अनुपात ०.०२ प्रतिशत रहेको छ। यसबाट निकासी हुने वस्तुहरूमा प्राथमिक वस्तुहरुको हिस्सा उच्च र पुँजीगत वस्तुको हिस्सा अत्यन्त न्यून रहेको देखिन्छ। यसैगरी सोही अवधिमा वृहत आर्थिक वर्गीकरण अनुसार पैठारीको संरचनामा मध्यवर्ति उपभोग्य वस्तुहरुको अंश ५३.७ प्रतिशत, पुँजिगत वस्तुहरुको अंश १०.९ प्रतिशत र अन्तिम उपभोग्य वस्तुहरुको अंश ३५.४ प्रतिशत रहेको छ।

**तालिका (१७): पुष महिनासम्मको वस्तु निकासी र पैठारीको संरचना** (प्रतिशतमा)

| विवरण | निकासी | | पैठारी | |
|---|---|---|---|---|
| | २०७७/७८ | २०७८/७९ | २०७७/७८ | २०७८/७९ |
| मध्यवर्ति उपभोगका वस्तुहरु | ३१.९ | ४७.८ | ५२.६ | ५३.७ |
| पुँजीगत वस्तुहरु | ०.६ | ०.०२ | १२.० | १०.९ |
| अन्तिम उपभोगका वस्तुहरु | ६७.५ | ५२.२ | ३५.४ | ३५.४ |

स्रोतः नेपाल राष्ट्र बैंङ्क ।

## सेवा व्यापार

५६. आर्थिक वर्ष २०७८/७९ को पुषसम्म कुल सेवा आय गत आर्थिक वर्षको सोही अवधिको रू.३८ अर्ब २ करोडको तुलनामा ३२.९ प्रतिशतले वृद्धि भई रू.५० अर्ब ५४ करोड रहेको छ। साथै, यस अवधिमा सेवा खर्चमा ४५.३ प्रतिशतले वढेर रू.९६ अर्ब ७१ करोड रहेको छ।

५७. आर्थिक वर्ष २०७८/७९ पुषसम्म खुद सेवा आय रू.४६ अर्ब १७ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रू.२८ अर्ब ५२ करोडले घाटामा रहेको थियो।

## विप्रेषण आप्रवाह

५८. आर्थिक वर्ष २०७८/७९ को पुषसम्म विप्रेषण आप्रवाह गत आर्थिक वर्षको सोही अवधिको रू. ४ खर्ब ९५ अर्ब ४७ करोड तुलनामा ५.५ प्रतिशतले कमी भई रु. ४ खर्ब ६८ अर्ब ४५ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ११.१ प्रतिशतले बढेको थियो।

५९. आर्थिक वर्ष २०७८/७९ को पहिलो ६ महिनामा वैदेशिक रोजगारीका लागि नयाँ श्रम स्वीकृति लिने नेपालीको सङ्ख्या उल्लेख्य वृद्धि भई १ लाख ६७ हजार ५ सय १३ रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्ख्या ३० हजार ८ सय ३७ रहेको थियो।

६०. यस अवधिमा वैदेशिक रोजगारीको लागि पुनःश्रम स्वीकृति लिने नेपालीको सङ्ख्या गत वर्षको तुलनामा २९८.१ प्रतिशतले वढेर १ लाख ३० हजार २ सय १२ रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्ख्या ७५.५ प्रतिशतले घटेर ३२ हजार ७ सय ६ रहेको थियो।

## चालु खाता एवं शोधनान्तर स्थिति

६१. आर्थिक वर्ष २०७८/७९ को पुष महिनासम्म शोधनान्तर स्थिति रू.२ खर्ब ४१ अर्ब २३ करोडले घाटामा रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रू. १ खर्ब २४ अर्ब ९२ करोडले बचतमा रहेको थियो। त्यसैगरी यस अवधिमा चालु खाता रू.३ खर्ब ५४ अर्ब ७ करोडले घाटामा रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा चालु खाता रू.५१ अर्ब ६८ करोडले घाटामा रहेको थियो।

## विदेशी विनिमय सञ्चिति

६२. २०७७ पुष मसान्तमा रू.१४ खर्ब ९३ अर्ब ७५ करोड रहेको विदेशी विनिमय सञ्चिति २०७८ पुष मसान्तमा रू.११ खर्ब ६५ अर्ब ८० पुगेको छ।खासगरी विप्रेषण आप्रवाहमा आएको कमी र वस्तु पैंठारीमा उच्च वृद्धि भएको कारण विदेशी विनिमय सञ्चितिमा संकुचन आएको हो ।

६३. आर्थिक वर्ष २०७८/७९ को पुषसम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिले करिब ७.२ महिनाको वस्तु आयात र करिब ६.६ महिनाको वस्तु तथा सेवाको आयात धान्न सक्ने देखिन्छ।

## विनिमय दर

६४. २०७८ असार मसान्तको तुलनामा २०७८ पुष मसान्तमा अमेरिकी डलरसँग नेपाली रूपैयाँ ०.९४ प्रतिशतले अधिमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रू.११७.९२ कायम भएको छ। २०७८ असार मसान्तमा यस्तो विनिमय दर रू.११९.०४ रहेको थियो।

## वैदेशिक लगानी

६५. २०७८ पुष महिनासम्म विदेशी लगानीका लागि दर्ता भएका उद्योगको सङ्ख्या (उद्योग विभागमा दर्ता भएका) ५३६६ पुगेको छ। जसमध्ये ठूला उद्योग ३१९, मझौला उद्योग ५६६ र बाँकी ४४८१ साना उद्योग रहेका छन्। चालु आर्थिक वर्षको पहिलो ६ महिनामा विदेशी लगानीका १२९ उद्योग दर्ता भएका छन्। अघिल्लो आर्थिक वर्षको शुरुदेखि पुष मसान्तसम्म ६ महिनाको अवधिमा यस्ता उद्योगको सङ्ख्यामा १८.० प्रतिशतले कमी आई १२३ कायम रहेको थियो। उद्योगमा कुल स्वीकृत विदेशी लगानी प्रतिबद्धता गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३०.२ प्रतिशतले वृद्धि भई रू.३० अर्ब ५६ करोड पुगेको छ।

**तालिका (१८): पुषसम्मको स्वीकृत विदेशी लगानी र उद्योग दर्ता सङ्ख्या**

| आर्थिक वर्ष | स्वीकृत विदेशी लगानी (रू..करोडमा) | प्रतिशत परिवर्तन | उद्योग दर्ता सङ्ख्या | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| २०७३/७४ | ८३०.८० | २७.८ | १८९ | २२.७ |
| २०७४/७५ | १४००.७५ | ६८.६ | १६८ | -११.१ |
| २०७५/७६ | १०२५.३६ | -२६.८ | १९६ | १६.७ |
| २०७६/७७ | २७६८.५७ | १७०.० | १५० | -२३.५ |
| २०७७/७८ | २३४७.४८ | -१५.२ | १२३ | -१८.० |
| २०७८/७९ | ३०५६.२२ | ३०.२ | १२९ | ४.९ |

स्रोतः उद्योग विभाग।

६६. २०७८ पुष मसान्तसम्म लगानी बोर्ड नेपाल मार्फत रु. १०७ अर्ब ८६ करोड र उद्योग विभाग मार्फत रु.३० अर्ब ५६ करोड २२ लाख बैदेशिक लगानीको प्रतिवद्धता प्राप्त भएको छ।

६७. चालु आर्थिक वर्षको पहिलो ६ महिनामा प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ४८.१ प्रतिशतले वृद्धि भई रु.११ अर्ब ३४ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो लगानी ३७.२ प्रतिशतले घटेर रू. ७ अर्ब ६६ करोड रहेको थियो।

**तालिका (१९): चालु आर्थिक वर्षको बाह्य क्षेत्रका परिसूचकहरुको पुषसम्मको मासिक विवरण** (रू. करोडमा)

| बाह्य क्षेत्रका चरहरु | साउन | भाद्र | असोज | कार्तिक | मंसिर | पुष | जम्मा |
|---|---|---|---|---|---|---|---|
| निकासी | २०७६.५ | २३२७.५ | २१०१.३ | १७०७.२ | २०७९.६ | १५९३.० | ११८८५.१ |
| पैठारी | १५०७३.२ | १६३७८.५ | १६४००.६ | १७१७७.१ | १८८११.४ | १६०९३.४ | ९९९३४.२७ |
| व्यापार घाटा | १२९९६.७ | १४०५१.१ | १४२९९.३ | १५४७० | १६७३१.८ | १४५००.४ | ८८०४९.१७ |
| विप्रेषण आप्रवाह | ७५९५.९७ | ७९४१.५ | ८३९४.८ | ७३०९.४ | ७६१६.७ | ७९८७.१ | ४६८४५.३५ |
| चालु खाता सन्तुलन | २५४१.३ | ६५.३ | ८२९.७ | -१३९०.५ | -४१७७.७ | -२८२१.६ | -४९५३.५ |
| शोधानान्तर स्थिति | -३८७४.५ | -४४६६.३ | ७२७.३ | -७४२४.० | -४४६३.३ | -४६२२.२ | -२४१२३.०४ |
| थपविदेशी विनिमय सञ्चिति # | -४५२०.७ | -४६८६.४ | १२३६.७ | -७४४७.५ | -३०८१.३ | -४८२३.६ | ११६५७९.८२ |
| पर्यटक आगमन (सङ्ख्यामा) | ५९१७ | ९८९८ | २३२८४ | २६१३५ | २३५५० | १६९७५ | १०५७५९ |

स्रोतः नेपाल राष्ट्र बैङ्क/भन्सार विभाग।


#२०७८ असार मसान्तको रू. १३९९ अर्ब ३ करोडलाई समावेश गरीएकोले २०७८ पुष मसान्तसम्म यस्तो सञ्चिति रू. ११६५ अर्ब ८० करोड पुगेको हो। चालु आर्थिक वर्षको पहिलो ६ महिनामा मात्र विदेशी विनिमय सञ्चिति रू.२३३ अर्ब २३ करोडले संकुचन भएको छ।

६८. चालु आर्थिक वर्षको पहिलो ६ महिनामा (अगष्ट २०२१ देखि जनवरी २०२२ सम्म) नेपाल भित्रिने पर्यटकको सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको १७ हजार ९ सय ४८ को तुलनामा उल्लेख्य वृद्धि भई १ लाख ५ हजार ७ सय ५९ रहेको छ। सन् २०२१ को पहिलो महिना (जनवरी) मा मात्र नेपाल आउने पर्यटकको सङ्ख्या १६९७५ रहेको छ। सन् २०२० मा नेपाल भित्रिने पर्यटकको सङ्ख्यामा ३४.८ प्रतिशतले संकुचन भई १ लाख ४९ हजार ८ सय ४९ मा झरेको थियो। कोरोना महामारीको कारण २०२० को मार्चदेखि नै नेपाल आउने पर्यटकको सङ्ख्यामा उच्च दरले संकुचन आएको थियो।

## कम्पनी दर्ता

६९. चालु आर्थिक वर्षको ६ महिनामा थप कम्पनी दर्ता सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको १४ हजार ७ सय २१ को तुलनामा थप कम्पनी दर्ता १५ प्रतिशतले वृद्धि भई १६ हजार ९ सय ३९ पुगेको छ। कोरोना महामारीको समयमा समेत कम्पनी दर्ता सङ्ख्यामा विस्तार हुनुले व्यवसाय सञ्चालन क्रमशः सहज बन्दै गएको र व्यवसायीहरुको आत्मविश्वास बढ्दै गएको देखिन्छ।

**चार्ट (१२) : थप कम्पनी दर्ताको मासिक विवरण** (सङ्ख्यामा)




स्रोतः कम्पनी रजिष्ट्रारको कार्यालय/अर्थ बुलेटिन।

७०. कम्पनी दर्ताको मासिक प्रवृत्ति हेर्दा आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनाको तुलनामा चालु आर्थिक वर्षको साउन र भाद्र महिनामा कम्पनी दर्ताको सङ्ख्या उच्च दरले बढेको छ भने पुषमा घटेको छ।